मिति: २०७२।    ।    गते

श्रीमान सभापतिज्यू
विधायन समिति
व्यवस्थापिका संसद सचिवालय
सिंहदरवार, काठमाडौ ।

विषय: "अपराध संहिता २०७१" का लागि सुझाब पठाइएकोबारे।

उक्त विषयमा, नेपाल विश्वका सबैजसो राष्ट्रहरूको छाता संस्था संयुक्त राष्ट्र संघको सम्मानित सदस्य हो, र त्यही हैसियतमा राज्यले विश्वसामु गरेका सबै सन्धी-सम्झौता र प्रतिबद्धताहरूको गम्भीरतासाथ पालन गर्नुपर्दछ । नेपालले अन्तरराष्ट्रिय मंचमा गरेका संधी-सम्झौताहरू प्रतिकुल कानुन बनाउनुहुँदैन। तर हाल प्रस्तावित 'अपराध संहिता २०७१" को भाग ९ मा प्रस्तुत सबै दफा-उपदफाहरूले नागरिकका धर्म तथा आस्थाको स्वतन्त्रतालाई ठाडै कठोरपूर्वक दबाउने दूस्प्रयास भएको छ। प्रत्येक व्यक्तिको धर्म तथा आस्थाको स्वतन्त्रतासम्बन्धी अधिकार सबैभन्दा पहिलो मानवअधिकार हो। धर्म तथा आस्थाको अधिकार राष्ट्रिय संकष्टको समयमा समेत कटौति हुन नसक्ने अधिकार हो र राज्यले हरेक अवस्थामा नागरिकको धर्म तथा आस्थाको अधिकार रक्षा गर्नुपर्दछ।

धर्म वा आस्थाको स्वतन्त्रता भनेको कुनै पनि व्यक्तिले आफूले चाहेको कुनै पनि आस्था ग्रहण गर्न र अभ्यास गर्न पाउने अवसर हो। धर्म वा आस्थाको स्वतन्त्रतालाई संयुक्त राष्ट्र संघअन्तर्गत स्थापित गरिएको विश्वमा मानव अधिकारको अवस्था हेर्ने उच्चआयोगले आत्मसात् गर्ने सिद्धान्त मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्रको धारा १८ मा उल्लेखित प्रावधानसित बुझ्नुपर्छ। सो धारामा धर्म तथा आस्थाको स्वतन्त्रतालाई यसरी प्रष्टसाथ लेखिएको छः **"प्रत्येक व्यक्तिलाई आफ्नो विचार र सुविवेकअनुसार कुनै धर्म मान्ने स्वतन्त्रता हुनेछ। यसमा व्यक्तिले एक्लै वा समुदायका अरूसित मिलेर व्यक्तिगत वा सार्वजनिकरूपमा आफ्नो धर्म वा आस्थाको अवलम्बन गर्न, अभ्यास गर्न, प्रचार गर्न, शिक्षा दिन, आराधना गर्न वा अन्य धर्म वा आस्था ग्रहण गर्न (धर्मपरिवर्तन) पाउने अधिकारसमेत समावेश हुनेछ।"** नागरिक तथा राजनीतिक अधिकारहरूको अन्तरराष्ट्रिय प्रतिज्ञापत्रमा पनि सोही आशयलाई अझै प्रष्टसाथ लेखिएको छ। तर हाल प्रस्तुत गरिएको उक्त विधेयक नेपाल पक्षराष्ट्र भएर गरिएका ती प्रतिबद्धताहरूको विरूद्धमा दूराशयसाथ उभिएको तथ्य छर्लङ्ग भएको छ।

मानव अधिकारको सन्दर्भमा धर्म तथा आस्थाको स्वतन्त्रतालाई दुई फरक अवस्थामा बुझ्न सकिन्छ। पहिलो, व्यक्तिले आफूलाई मन परेको धर्म वा आस्था मान्ने वा मन नपरेको आस्था त्यागेर अर्को नयाँ आस्था अनुशरण गर्ने काम गर्न निर्बाधरूपमा पाउने अवसर हो। दोस्रोचाहिँ, कुनै व्यक्तिले आफ्नो आस्था अवलम्बन गर्दा, अनुशरण वा अभ्यास गर्दा उसलाई कुनै किसिमको बाधा नपरोस् भनी राज्यको तर्फबाट हुने वैधानिक हौसला, उत्साह र सुरक्षा, आदिको कानूनी प्रावधान हो। धर्म वा आस्थाको स्वतन्त्र अभ्यास गर्ने कुरो व्यक्तिको नितान्त निजी कुरो हो। कुन धर्म कि आस्था ग्रहण र अभ्यास गर्ने भन्ने कुरामा कसैमाथि प्रलोभन, हस्तक्षेप वा जबरजस्ती हुनुहुन्न। व्यक्तिले आफूले इच्छाएको धर्म वा आस्था अवलम्बन तथा अभ्यास गर्नेजस्तो विषयमा व्यक्ति स्वतन्त्र रहेन भने उसको स्वतन्त्र अस्तित्व अधूरो ठहर्छ, किनभने धर्म वा आस्था मान्ने वा सोअनुसार व्यवहार गर्ने कुरा व्यक्तिको स्वतन्त्र जीवनसँग अबिछिन्न हुन्छ।

त्यसकारण यो विषय मानिसको मौलिक हक-अधिकारहरूको सबैभन्दा केन्द्रिय आधार हो। अझ भनौ आस्थाको स्वतन्त्र अभ्यास हुन पाउनुपर्ने कुरा मान्छे भएर जिउन पाउनुपर्ने आधार हो। त्यसकारण धर्म तथा आस्थाको स्वतन्त्रता मानिसका लागि जन्मसिद्ध एवं प्राकृतिक सिद्धान्त हो। तर नेपाल राष्ट्रको नयाँ संविधान निर्माण भएपछि पुरानो मुलुकी ऐनलाई प्रतिस्थापन गर्ने विधायन समितिले व्यवस्थापिका संसदसमक्ष दर्ता गराएको विधेयक (भाग ९ को दफा १५३, १५४, १५५ र १५६) ले व्यक्तिको "धर्म वा आस्थाको अधिकार"माथि बन्देज लगाउने दुराशय देखाएको विषय आपत्तिजनक छ। समग्रमा सो विधेयकमा उठाइएका विषयहरू पुरानै कानुनको भावनाको पुनरावृत्ति हो। नयाँ संविधान निर्माण भई घोषणा हुनुभन्दाअघि नै यो विधेयकको मस्यौदा दर्ता हुनुले पनि नागरिकका मौलिक हक-अधिकारहरूमाथि बन्देज लगाउने दूराशय प्रष्ट हुन्छ। व्यक्तिले उसको नितान्त मानव अधिकारका रूपमा धार्मिक आस्था छान्न, मान्न वा नमान्न पाउनुपर्ने नैसर्गिक तथा प्राकृतिक अधिकारको उपभोगको विषयलाई दण्डनीय घोषित गर्नुअत्यन्तै असहिष्णु व्यवहार ठहर्ने भएको हुँदा यस विधेयकमाथि तत्काल पुनर्विचार गरी संशोधन गरियोस् भनी आग्रह गर्दछु।

<u>सुझाव पठाउने</u>

सही: ............................

नाम: ...........................................

ठेगाना: ..................................................................